# गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मगर भाषा र गुरुङ भाषाको संरक्षण, सम्बर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायवाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " गण्डकी प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय वा संगठित संस्था समेतलाई सम्झनु पर्छ ।

(ख) "तोकिए वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "भाषाको मानकीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्बिविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरुपता कायम गर्ने कार्य सम्झनु पर्छ।

(च) "भाषा आयोग" भन्नाले नेपालको संविधानको धारा २८७ बमोजिम गठन भएको भाषा आयोगलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको भाषा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "मातृभाषा" भन्नाले कुनै व्यक्ति वा समुह वा समुदायले पुस्तागत निरन्तरताको रुपमा बोल्ने, प्रयोग गर्ने र नेपालमा उत्पत्ति भएको वा ऐतिहासिक रुपमा नेपालभित्र स्थानीय भाषा सरह प्रयोग हुने भाषालाई सम्झनु पर्छ।

(झ) "सरकारी कामकाजको भाषा" भन्नाले कार्यालयमा लिखित वा मौखिक रुपमा प्रयोग हुने मगर र गुरुङ भाषालाई सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## सरकारी कामकाजमा प्रयोग हुने भाषासम्बन्धी व्यवस्था

३. **सरकारी कामकाजमा भाषाको प्रयोगः** (१) कार्यालयहरुले सरकारी कामकाजको भाषालाई प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त तोकिए बमोजिमको लिपिमा लेखिने मगर र गुरुङ भाषा समेतलाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नु पर्नेछ।

(३) प्रदेश सभामा विधेयक पेश गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा सरकारी कामकाजका भाषाहरुमा समेत अनुवादित प्रति पेस गर्न सकिनेछ।

(४) स्थानीय तहले आफ्नो क्षेत्रमा बहुसंख्यक व्यक्तिले बोल्ने भाषालाई सरकारी कामकाजका रुपमा प्रयोग गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४. **दस्तावेजको अभिलेखीकरणः** (१) सबै सरकारी काम कारवाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरु मगर र गुरुङ भाषामा समेत अनुवाद गरी अभिलेखीकरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेख सेवाग्राहीले माग गरेमा कार्यालयले लिखित वा मौखिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(३) कार्यालयमा सेवाग्राहीले मगर वा गुरुङ भाषामा निवेदन, प्रमाण, कागजात पेश गरेमा कार्यसम्पन्न भएपश्चात् सोहि भाषामा आवश्यक कागजात उपलब्ध गराउन सकिनेछ ।

५. **मगर र गुरुङ भाषामा प्रकाशन गर्न सकिनेः** प्रदेश सरकारले नेपाली भाषाका अतिरिक्त मगर र गुरुङ भाषामा समेत प्रदेश राजपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-३

## भाषा प्रयोग सम्बन्धी व्यवस्था

६. **विभेद र अपमानजन्य व्यवहार गर्न नहुनेः** सरकारी कामकाजको भाषाको रुपमा मातृभाषा प्रयोग हुने कार्यालयमा अन्य राष्ट्रिय भाषाहरु प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजन्य व्यवहार गर्नु हुँदैन।

७. **मगर र गुरुङ भाषा प्रयोगमा निषेध गर्न नहुनेः** कार्यालय, समुदाय र सार्वजनिक स्थानमा मगर र गुरुङ भाषा प्रयोग गर्न निषेध गर्न पाइने छैन।

## परिच्छेद-४

## भाषाको संरक्षण, विकास तथा मानकीकरण सम्बन्धी व्यवस्था

८. **भाषाको संरक्षण गर्नुपर्नेः** (१) सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन प्रदेश सरकार र कार्यालयले सरोकारवालासँगको सहकार्यमा सरकारी कामकाजको भाषाको संरक्षण प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) प्रदेश सरकारले सरकारी कामकाजको भाषाको अतिरिक्त प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण, सम्वर्धन गर्नको लागि आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्नेछ ।

९. **<u>सरकारी कामकाजको भाषाको विकास गर्नेः</u>** (१) प्रदेश सरकारले मगर र गुरुङ भाषामा उच्च शिक्षासम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्यापन हुने तहमा अध्ययन, अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रहरुलाई मगर वा गुरुङ भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्नेछ ।

(३) प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।

(४) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा विद्यालयहरुमा प्रदेशभित्र बोलिने मातृभाषामा अध्ययन अध्यापन गराउने कार्यमा सहकार्य गर्न सक्नेछ ।

१०. **<u>भाषाको अध्ययन, अनुसन्धान र मानकीकरण गर्नेः</u>** (१) प्रदेश सरकारले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषामा विकास गर्नको लागि अध्ययन तथा अनुसन्धान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अध्ययन र अनुसन्धानबाट प्राप्त प्रतिवेदन समेतका आधारमा भाषाको मानकीकरण गरी प्रयोग गर्न गराउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यका लागि भाषा आयोग लगायतका सरोकारवाला निकायबाट आवश्यक विज्ञ र सहयोग लिन सकिनेछ।

११. **<u>सरकारी भाषा सम्बन्धी कम्प्युटर सफ्टवेयरको व्यवस्था गर्नेः</u>** प्रदेश सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आवश्यक पर्ने कम्प्युटर प्रोग्राम, उपकरण, भाषा अनुवाद सम्बन्धी प्रविधि र यन्त्रहरुको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्न सक्नेछ।

१२. **<u>बजेट व्यवस्थाः</u>** सरकारी कामकाजका भाषाको संरक्षण र संम्बर्द्धनका लागि प्रदेश सरकारले कार्यक्रम तथा बजेटको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

१३. **<u>प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कार्यालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धी प्रगति प्रतिवेदन वार्षिक रुपमा तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

१४. **<u>विज्ञ समूह गठन गर्न सक्नेः</u>** (१) मन्त्रालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित भाषाका विज्ञहरु रहेको समूह बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समूहले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) सरकारी कामकाजको भाषाको सम्बन्धमा आवश्यक सुझाव र परामर्श दिने,

(ख) सरकारी कामकाजको भाषाको आवश्यक अध्ययन अनुसन्धान, भाषाको मानकीकरण, शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) सरकारी कामकाजको भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरु तयार गर्ने, एवं त्यस्ता कृतिहरु प्रकाशनमा सहयोग गर्ने,

(घ) मगर र गुरुङ भाषाका उपयुक्त ग्रन्थहरु अन्य भाषाहरुमा अनुवाद गर्ने, गराउने,

(ङ) प्रदेशभित्रका भाषिक संस्थाहरुको विकासमा सहयोग गर्ने,

(च) भाषा संरक्षण, सम्बर्द्धन तथा विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने।

(३) कार्यालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरी भाषासम्बन्धी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।

**१५.** **नागरिक वडापत्रः** कार्यालयले यस ऐन बमोजिमको सरकारी कामकाजको भाषामा सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा नागरिक वडापत्र वा सूचना पाटी राख्न सक्नेछ ।

**१६.** **भाषाको पुनरावलोकनः** कार्यालयमा मगर र गुरुङ भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारिता सम्बन्धी ऐन अनुरुपको कार्य भए नभएको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक दश वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ।

**१७.** **नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** १) यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

२) यस ऐन र र यस ऐन अन्तरगत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।